आज मिति २०७४/१५/२१ गते शुक्रबारका दिन थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री भुवनेश्वर उपाध्याय ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसि तपससिका उपस्थितिमा तपसिका निर्णयहरु गरियो ।

तपसिल :

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भुवनेश्वर उपाध्याय | अध्यक्ष | |
| २ | गंगु देबि खडायत | उपाध्यक्ष | |
| ३ | धर्मराज भट्ट | सदस्य | |
| ४ | हेम बहादुर खडका | सदस्य | |
| ५ | गणेशराज जोशी | सदस्य | |
| ६ | बिष्णु बहादुर बिष्ट | सदस्य | |
| ७ | दिर्घराज जोशी | सदस्य | |
| ८ | अनिल बिष्ट | सदस्य | |
| ९ | भिम बहादुर रोकाया | सदस्य | |
| १० | दिल बहादुर सिंह | सदस्य | |
| ११ | मोहनराज जैशी | सदस्य | |
| १२ | रामदल बि.क. | सदस्य | |
| १३ | श्याम सुनार | सदस्य | |
| १४ | हिरा थापा | सदस्य | |
| १५ | हिरा सुनार | सदस्य | |
| १६ | रेखा खड्का | सदस्य | |
| १७ | निर्मला कुमारी थापा बिष्ट | सदस्य | |
| १८ | पदम बहादुर ओली | सदस्य सचिब | |

अन्य उपस्थिति :

| | | | |
|---|---|---|---|
| | जुन कुमारी रोर | | |
| | गणेशराज जोशी | गाउँपालिका | |
| | कमल अधिकारी | संयोजक GIZ/RERA | |

पदम बहादुर ओली
प्रमुख प्रशासकीय अधिकृत

२०७७ फाल्गुण २१ गते शुक्रबार बसेको थलारा गाउँ कार्यपालिका बैठकका निर्णयहरुः

निर्णय नं १: यस थलारा गाउँपालिकाको तपसिल अनुसारको उर्जा बिकास उपसमिति गठन गर्ने निर्णय गरियो ।

तपसिल :

संयोजक : श्री बिष्णु बहादुर बिष्ट
सदश्य : श्री धर्मराज भट्ट
" ": श्री हेम बहादुर खडका
" ": श्री गणेश राज जोशी
" ": श्री दिर्घ राज जोशी
" ": श्री भिम बहादुर रोकाया
" ": श्री रामदल बि.क.
" ": श्री निर्मला कुमारी थापा बिष्ट
" ": श्री लोकेन्द्र बहादुर बिष्ट

निर्णय नं २ :यस गाउँपालिकाको लागि १० सैया आधारभुत अस्पतालको भवन निर्माणका लागि निशुल्क जमिन उपलब्ध गराउन ६ ठाउँ बाट निबेदन पर्न आएकाले उपयुक्त र पायक पर्ने जमिन छनौट गर्नका लागि गाउँपालिका अध्यक्षको संयोजकमा वडा अध्यक्ष हरु गई उपयुक्त जमिन छनौट गरि यही महिना भित्र आधारभुत अस्पतालको नामा नामसारी गर्ने निर्णय गरियो ।

निर्णय नं ३ :प्रधानमन्त्रीरोजगार कार्यक्रमका आयोजना हरुमा कामकार्ने यस गाउँपालिकामा सुचिकृत भएका ४६५ जना बेरोजगारको सुचिमा रहेकाहरुको ब्यक्तिगत खाता यस गाउँपालिकामा रहेको कुमारी बैंकले खोल्न नसक्ने भनि मौखिक जानकारी गरेकाले उक्त योजना हरुमा बेरोजगारको सुचिमा रहेका मध्ये कम्तिमा ७ जनाको समिति गठन गरि ३ जनाको नाममा खाता संचालन गरि रकम भुक्तानि गर्ने निर्णय गरियो ।

निर्णय नं ४ :यही फाल्गु २४ गतेका दिन १११औ अन्तराष्ट्रिय नारीदिवस मनाउन प्रत्येक वडामा रु १००००।का दरले रकम दिने निर्णय गरियो ।

निर्णय नं ५: यस गाउँपालिकाको पाराकाटने स्वास्थ्य चौकीमा कार्यरत करार अ.न.मि. सर्मिला कुमारी ओलीले कामगर्न छाडेकाले करार अ.न.मि.भर्ना गर्नकालागि बिज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं ६: चालु आ.ब.०७७/०७८ मा अध्यक्ष जनता आवास कार्यक्रम अन्तरगत वडा न २ को पाना सार्की लाई रु २लाख,वडा न ६ को सम्राट पार्की लाई रु २ लाख र वडा न ५को नट्टे सार्की लाई रु १ लाख घरबनाउन दिने निर्णय गरियो ।

पदम बहादुर ओली
नि.प्रमुख प्रशासकीय अधिकृत